नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(...............................................)

महानिर्देशक:- ५३४७०३७
प्रशासन:- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या -
च.नं.:-

नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभाग काठमाडौं

# सूचना।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट २०८२ कार्तिक १० गते देखि १२ गते (तदनुसार 27-29 October 2025) सम्म नेपालका विभिन्न स्थानमा वर्षा तथा हिमपातको सम्भावना रहेको भनी सूचना प्रकाशन भएको छ। सोही बमोजिम हाल नेपालका विभिन्न स्थानमा वर्षा तथा उच्च पहाडी एवम् हिमाली भेगमा भारी हिमपात भईरहेको हुँदा पर्वतारोहण तथा पदयात्राको क्रममा रहनु भएका स्वदेशी तथा विदेशी पर्यटक, पदयात्री एवम् पर्वतारोहीहरुलाई उच्च सतर्कताकासाथ सुरक्षा सावधानी अपनाई सुरक्षित स्थानमा रहनु हुन पर्यटन विभाग हार्दिक अनुरोध गर्दछ।

पर्यटकहरुलाई कुनै सहयोग एवम् सहजीकरणको आवश्यकता परेमा स्थानीय सरकार, स्थानीय प्रशासन, पर्यटन विभाग वा पर्यटक प्रहरीसँग सम्पर्क गर्नु हुन र जल तथा मौसम विज्ञान विभागको सूचना तथा मौसम पूर्वानुमान समेतको आधारमा अनुकूल मौसमको सुनिश्चितता भएपश्चात मात्र पदयात्रा तथा पर्वतारोहण गतिविधि अगाडि बढाउनु हुन हार्दिक अनुरोध गर्दछौं।

साथै, यस विषम एवम् विशिष्ट परिस्थितिमा पर्यटकहरुलाई सहुलियतपूर्ण मूल्यमा गुणस्तरीय सेवा र आतिथ्य प्रदान गरी सहयोग गरिदिनु हुन पर्यटनसम्बद्ध सम्पूर्ण व्यवसायी तथा सरोकारवाला संघ/संस्थाहरुमा पर्यटन विभाग हार्दिक अनुरोध गर्दछ।

२०८२/०७/११

हिमाल गौतम
निमित्त महानिर्देशक

<u>सम्पर्क व्यक्ति</u>

- शाखा अधिकृत श्री शर्मिला वज्राडे, पर्यटन विभाग, ९८५१३५८९३५
- प्रहरी निरीक्षक श्री मिना देवी राई, पर्यटक प्रहरी, ९८५१२८२१३२



CamScanner